# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२३ गते

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरीएको ।**

---

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाचँथर र उदयपुरमा कार्यालय प्रमुखको रुपमा कार्यरत भई हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापामा कार्यरत प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरको लेखाफाँटमा तत्कालीन सहायक सुचक पदमा कार्यरत धनराज अधिकारी र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरको लेखाफाँटमा सुचक पदमा कार्यरत रहेका प्रकास कुमार राईले रिक्त दरवन्दीका कर्मचारीहरुको नाममा तलब, भत्ता, रासन बापतको रकम निकाली हिनामिना गरेको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा निज राष्ट्रसेवक कर्मचारीहरु पुष्पराज मिश्र, धनराज अधिकारी र प्रकाश कुमार राईहरूले आ-आफ्नो कार्यालयमा आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको सम्पत्ती बदनियत गरी, हिनामिना, हानि नोक्सानी गरी आफूहरुले मासी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले उक्त कार्यमा संलग्न रहेका तपसिलमा उल्लेखित निम्न ३(तीन) जना ब्यक्तीहरु उपर कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

| सि.नं. | पद | नामथर | कार्यालय | बिगो | ऐन |
|---|---|---|---|---|---|
| १. | प्रमुख अनुसन्धान अधिकृत | पुष्पराज मिश्र | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापा | रु.२४,०८,६५३.५६ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)(च) |
| २. | सहायक सुचक | धनराज अधिकारी | राष्ट्रिय जिल्ला अनुसन्धान कार्यालय पाचँथर | रु.२२,२१,५,८२.०६ | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ उपदफा (१) र दफा ३को उपदफा (१) (च) |
| ३. | सुचक | प्रकाश कुमार राई | राष्ट्रिय जिल्ला अनुसन्धान कार्यालय उदयपुर | रु.१,८७,०७१.५० | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ उपदफा (१) र दफा ३को उपदफा (१) (घ) |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी